# बागलुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बागलुङ

**गण्डकी प्रदेश नेपाल**

प सं. ०७८।०७९ मिति २०७९।३।२८

च.न. २९

विषयः **अख्तियारी सम्वन्धमा ।**

श्री शाखा प्रमुख सवै,
श्री वडा सचिव (सवै)
बागलुङ नगरपालिका बागलुङ ।

उपरोक्त सम्वन्धमा यस बागलुङ नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को स्वीकृत कार्यक्रम एवम् बजेट पुस्तिका पठाई सकिएको छ । आ-आफ्नो शाखा /वडा कार्यालयको लागी स्वीकृत सवै कार्यक्रम देहाय वमोजिमको शर्तको अधिनमा रहि कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफ ७३ को उपदफा (२) वमोजिम अख्तियारी प्रदान गरेको छु।

**देहायः**

१. आ-आफ्नो स्वीकृत योजना चौमासिक कार्यक्रम स्वीकृत गराई खरिद योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

२. योजना वा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ लगायतका प्रचलित कानूनको पूर्ण परिपालना गर्नु पर्नेछ ।

३. आ-आफ्नो योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत चौमासिक योजना बमोजिम सन्तुलित रुपमा वि.सं.२०८० जेष्ठ मसान्त भित्रै सम्पन्न गरी संचालित कार्यक्रममा भएका खर्चको विल भरपाई एवम् प्रगति प्रतिवेदन र प्रमाणीत कागजात सहित भुक्तानीको लागि पेश गर्ने ।

४. आफुले संचालन गरेको कार्यक्रम र आर्थिक कारोवारको पूर्ण जवाफदेहिता सम्वन्धित वडा सचिव वा शाखा प्रमुखको हुनेछ ।

५. सम्वन्धित शाखा प्रमुख वा वडा सचिवले चौमासिक अवधिमा आफुले सम्पादन गरेका कार्यक्रम, एवम् भएका आम्दानी खर्चको विवरण चौमासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२०७९।३।२८

६. आफ्नो शाखा वा वडा कार्यालयबाट संचालित योजना, कार्यक्रम वा आर्थिक कारोवारको लेखापरीक्षण गराउन आर्थिक प्रशासन शाखालाई सहयोग गर्नुपर्नेछ ।

७. कार्यक्रम संचालन वा आर्थिक कारोवार गर्दा मितव्ययिता, कार्य दक्षता र प्रभावकारीतालाई ध्यानमा राखी वित्तीय अनुशासन कायम गरी वेरुजु शुन्य हुनेगरी गर्नुपर्नेछ । योजना वा कार्यक्रम संचालन गर्दा लक्षित वर्ग सहित वढी भन्दा वढी जनसहभागिता हुने गरी गर्नु पर्नेछ।

८. वडा सचिवहरुले योजना वा कार्यक्रम कार्यन्वयन गर्दा सम्वन्धित वडा अध्यक्षको निर्देशन, समन्वय र रेखदेखमा गर्नुपर्नेछ ।

९. शाखा प्रमुख वा वडा सचिवबाट योजना तथा कार्यक्रम संचालन गर्दा नगरस्तरीय अनुगमन समिति, वडा स्तरीय अनुगमन समिति, विषयगत समितिसंग समन्वय गर्नुपर्नेछ ।

१०. योजना वा कार्यक्रम कार्यान्वियन गर्ने क्रममा कुनै समस्या उत्पन्न भई काममा वाधा पर्ने अवस्था देखिएमा नगर प्रमुखज्यू, उप-प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृत समक्ष समयमै जानकारी गराई आवश्यक निर्देशन लिई कार्य अघि वढाउनु पर्नेछ।

११. योजना वा कार्यक्रम संचालन गर्दा आवश्यकतानुसार नगर प्रमुखज्यू, उप-प्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतलाई समयमै जानकारी गराउनुहुन पर्नेछ ।

१२. आफ्नो शाखा वा वडाका कार्य सम्पन्न भए पछि त्सको भुक्तानी एवम् फरफारक कार्यमा सहजीकरण गरी भुक्तानी एवम् फरफारक भएको एकिन गर्नु सम्वन्धित शाखा प्रमुख वा वडा सचिवको कर्तव्य हुनेछ ।

१३. सशर्ततर्फको स्वीकृत कार्यक्रम बाँडफाँड तथा स्वीकृत गराउनु पर्ने आवस्थामा वि.सं २०७९ श्रावण मसान्त भित्रनै कार्यक्रम तयारी गरी नियमानुसार स्वीकृत गराउनु पर्नेछ।

२०७९।३।२८

..................

(पुरुषोत्तम सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ**

श्रीमान नगर प्रमुखज्यू,

श्रीमान नगर उपप्रमुखज्यू,

श्री (१-१४)वडा अध्यक्षज्यू,

बागलुङ नगरपालिका बागलुङ ।